# अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका सम्वन्धी कानुन २०७४

नवदुर्गा गाउँसभावाट स्वीकृत मिति :२०७४/४/२२

प्रथम संशोधन मिति २०७६।०४।१३

नवदुर्गा गा"उपालिका
गाउ"कार्यपलिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश,नेपाल

**विषयसूची**

भाग .१ प्रारम्भिक

भाग २ विपद जोखिम न्युनीकरण रविपद ब्यवस्थापनको

भाग ३ अध्यक्ष प्रकोप तथा उद्धार तथा राहतकोषनिर्देशिकाको परिचय

भाग ४राहतको न्युनतम मापदण्ड सम्वन्धी ब्यवस्था

भाग ५ निर्देशिकाको स्वीकृति तथा कार्यान्वयन

भाग ६ विविध

**अनुसूचीहरु**

अनुसूची १ अनुसूची १ (क देखि ग सम्म) सर्वेक्षण फारामहरु

अनुसूची २ वडा कार्यालयको सिफारिस पत्र / आर्थिक सहयोगको निवेदन ढाचाँ

# अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका सन्वन्धी कानुन, २०७४

डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका पहिरो,आगलागी,महामारी शितलहर तथा विनाशकारी भुकम्पको जोखिममा रहेको ठाउँ हो जलबायु परिवर्तनका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल सम्वेदनशील अवस्थामा रहेको छ यस सर्न्दभमा नेपाल सरकारबाट स्वीकृत विपद जोखिम ब्यवस्थापन राष्टिय रणनीति २०६६ मा ब्यवस्था भएबमोजिम विपद जोखिम ब्यवस्थापनका क्षेत्रमा पूर्व तयारी तथा जोखिम न्युनीकरणकार्यलाइ विशेष महत्व दिएको छ भने विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ मा विपद्बाट प्रभावितहरुलाइ तत्काल विपद्को लेखाजोखाको आधारमा पूर्वतयारी खोज उद्धार तथा आर्थिकसहयोग वितरण कार्यलाइ उच्च प्राथमिकता दिएको छ । विपद् जोखिम ब्यवस्थापनको सवाललाइ विकासका योजना संग मुलप्रबाहीकरण गरी विपद उत्थानशिल समाज निर्माण गर्ने र विभिन्न किसिमका प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्वाट सर्वसधारणको जीउज्यान र सार्वजनिक,निजी तथा ब्यक्तिगत सम्पति,प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ को मुल भावना तथा मर्मलाइ आत्म साथ गर्दै यस ऐनको परिच्छेद ११, को उपदफा ३९ र ४८ ले दिएको अधिकारका आधारमा अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिकासम्वन्धी कानुन ,२०७४ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद . १ प्रस्तावना

नेपाल सरकारको विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन, २०७४परिच्छेद ११ को धारा को उपदफा ३९ र ४८ ले दिएको नियम निर्देशिका बनाउने अधिकार प्रयोग गरि नवदुर्गा गाउँपालिका मणिलेक डडेल्धुराको विपद जोखिम ब्यवस्थापन र आर्थिक सहयोग वितरण प्रक्रियालाइ पारदर्शी रुपले कार्यान्वयन गर्न विपद जोखिम ब्यवस्थापन र आर्थिक सहयोग वितरण निर्देशिका आवश्यक भएकोले नवदुर्गा गाउँसभा मणिलेक डडेल्धुराले प्रस्तुत अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका ,२०७४ स्वीकृत गरी लागु गरिएको छ ।

### सक्षिप्त नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका,२०७४ रहेको छ

(२) यो निर्देशिका नवदुर्गा गा"उपालिका वाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) ऐन भन्नाले विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन २०७४ लाइ सम्झनु पर्छ

ख) स्थानीय विपद जोखिम ब्यवस्थापन योजना तर्जुमा निर्देशिका भन्नाले स्था.विपद ब्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ लाइ सम्झनु पर्छ।

ग) गाउँपालिका भन्नाले नवदुर्गा गाउपालिकालाइ सम्झनुपर्छ।

घ) विषयगत कार्यालय भन्नाले नवदुर्गा गा.पा अन्तर्गत रहेका विकास निर्माण एवं सेवासुविधाको प्रवाह संग सम्वन्धीत शाखा तथा सरोकारवाला निकायलाइ सम्झनु पर्छ।

ङ) राष्टिय रणनीति भन्नाले नेपाल सरकारवाट स्वीकृत भएको विपद जोखिम ब्यस्थापन राष्टिय रणनीति २०६६ लाइ सम्झनु पर्छ।

च)विकास साझेदार भन्नाले सरकार संग भएको सम्झौता बमोजिम नगद जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्दिपक्षीय एवं बहुपक्षीय दातृ निकाय,सयुक्त राष्टसघीय निकायहरु तथा अन्तराष्टिय गैह्र सरकारी संस्था र रेडक्रस अभियानका अंग आदीलाइ सम्झनु पर्छ।

छ)स्थानीय निकाय भन्नाले स्थानीय स्वायत शासन ऐन २०५५ बमोजिम गठित गा.वि.स,,नगरपालिका,उपमहानगरपालिका, महानगरपालिका लाइ सम्झनुपर्छ।

ज) स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

झ) स्थानीय विपद ब्यवस्थापन समिति भन्नाले विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन २०७४ बमोजिम जिल्ला,नगरपालिका, गाउँपालिका, वडा र समुदाय तहमा गठन भएका विपद ब्यवस्थापन समिति तथा विपद ब्यवस्थापनको क्षेत्रमा कार्य गर्ने मुल उद्धेश्य लिएर गठन भएका अन्य समितिहरुलाइ सम्झनु पर्छ।

ञ) विषयगत कार्यालय भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत रहेका जिल्ला, नगरपालिका,गाउँपालिका समितिस्थित कार्यालयलाइ समेतलाइ समेत सम्झनु पर्छ।

ट) गैरसरकारी संस्था भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय निकायको गाउँसभावाट आफ्नो कार्यक्रम स्वीकृत गराइ स्थानीय निकायसंग समन्वय गरी कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्थालाइ सम्झनु पर्छ।

ठ) यस कोषको नाम अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष रहनेछ।

ड) यस कोषमा विपद व्यवस्थापनमा विनियोजित रकम रु १०००००० र विपन्न असहायको विनियोजित रकम रु.४००००० गरि जम्मा रकम रु १४०००००.को छुटै कोषको व्यवस्था हुनेछ ।

ढ) सामुदायिक संस्था भन्नाले जनचेतना अभिबृद्धि, तालिम अभिमुखीकरण,सीप विकास,बचत कर्जापरिचालन र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरि प्रचलित कानुन बमोजिम स्थापना भएका तथा स्थानीय निकायमा सूचीकृत समुदायमा आधारित संस्थालाइ सम्झनु पर्छ ।

ण) स्थानीय विपद व्यवस्थापन समिति भन्नाले (दफा १७ बमोजिमको स्थानीय विपद व्यवस्थापन समिति सम्झनु पर्छ) विपदको सामना गरी सुरक्षित समुदायको विकासका लागि गाउपालिका तहमा गाउँकार्यपालिकाको अध्यक्षको अध्यक्षतामा नवदुर्गा गाउँकार्यपालिकामा गठन भए वमोजिमको स्थानीय विपद व्यवस्थापन समिति रहनेछ ।

त) योजना भन्नाले यस निर्देशिका बमोजिम तयार हुने स्थानीय विपद जोखिम व्यवस्थापन योजनालाइ जनाउने छ ।

थ) कार्यक्रम भन्नाले निश्चित उद्देश्य प्राप्तीका लागि तयार गरिएको क्षेत्रगत तथा बहुक्षेत्रगत कार्यक्रमलाइ सम्झनु पर्छ ।

द) अनुदान भन्नाले संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय बाट गाउपालिका लाइ प्राप्त हुने निशर्त तथा सर्शतअनुदान विभिन्न मन्त्रालय कार्यक्रम,प्राधिकरण कोष र दातृ निकायवाट उपलब्ध हुने वितीय, प्राविधिक एवं वस्तुगत सहयोग समेतलाइ सम्झनुपर्छ ।

ध) लक्षित समुह भन्नाले आर्थिक रुपमा पछाडीपरेका विपन्न बर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका सवै जातजातिका विपन्न बर्गहरु ज्येष्ठ नागरिक दलित आदिबासी जनजाति अपागता भएका ब्यक्तिहरु गरिव, अतिगरिव,एकल महिला, विपद्र प्रभावित,सकंटासन्न समुदाय तथा ब्यक्तिहरु मधेशी मुश्लिमजस्ता बर्ग एवं नेपाल सरकारले लक्षित समुह भनी तोकेका वर्ग एवं समुदायलाइ सम्झनुपर्छ ।

न) टुहुरा भन्नाले आमा बुवा दुबै गुमाएका बुवा आमाको मृत्यु भएका १८ बर्ष मुनिका बालबालिकालाई सम्झनुपर्दछ ।

प) बेसहारा भन्नाले परिवारमा बहिष्करणमा परेका, छोरा छोरीले पालनपोषण नगरि घरबाट निकालिएका,पति वा पत्नी गुमाएका, बिधवा वा बिदुर ,शारिरीक वा मानशिक कारणबाट वा स्वऐच्छिक

रुपमा सामाजिक परम्परा अनुसार वा अन्य किसिमले बिबाह नै नगरि बसेका, बिवाह गरि जुनसुकै कारणबाट कम्तिमा १० बर्ष सम्म पति वा पत्नी बाट छुट्टि भिन्न भइ बसेका, पालन पोषण गर्ने सहारा नभएका शारिरीक रुपमा वा मानशिक रुपमा अशक्तताका कारण आर्थिक उपार्जन गर्न नसक्ने परिवारजन वा ब्यक्ति सम्झनु पर्नेछ ।

## परिच्छेद २

**२.१ विपद जोखिम न्युनीकरण र ब्यवस्थापनको परिचयः** भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याकंन,विपद रोकथाम वा विपद्बाट हुने क्षतिको न्युनीकरण तथा विकासका कार्यमा विपद जोखिमलाइ कम गर्ने सम्वन्धी कार्य सम्झनु पर्छ । विपद जोखिम ब्यवस्थापन भन्नाले विपद जोखिम न्युनीकरण,विपद् प्रतिकार्य र विपद पुर्नः लाभसंग सम्वन्धित सम्पुर्ण क्रियाकलाप सम्झनु पर्छ ।

**२.२.अध्यक्ष प्रकोप उद्धार तथा राहत कोष निर्देशिकाको परिचयः** गैह्रप्राकृतिक विपद् महामारी,अनिकाल,डढेलो,कीट वा सुक्ष्म जिवाणु आतंक पशु तथा चराचुरङ्गीमा हुने प्लु,प्यान्डामिक प्लु, सर्पडंस जनावर आतकं खानी हवाइ,सडक, जल वा दुर्घटना आगलागी, विषाक्त ग्यास,रसायन वा विकिरण चुहावट,ग्यास विस्फोटन,विषाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण, वनविनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैह्र प्राकृतिक विपद्बाट उत्पन्न विपद् र प्राकृतिक विपद्वाट हिमपात,असिना,हिमपहिरो,हिमताल विस्फोटन,अतिबृष्टि,अनाबृष्टि,बाढी, पहिरो तथा भुस्खलन, डुवान,खडेरी,आधी, हुरीवतास,शीतलहर,तातोहावाको लहर,रुख,भिर जंगलबाट लडेर,खोलाडुवान,,चट्यागं,भुकम्प,ज्वालामुखी विस्फोट,डढेलो वन्यजन्तु आक्रमण वा यस्तै अन्य प्राकृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद् बाट प्रभावित ब्यक्ति तथा समुहलाइ विपदको घटना घटनासाथ तत्कालै गरिने खोजउद्धार, राहत,पुर्नलाभ एवंम आर्थिक सहयोग संग सम्वन्धति कार्य उल्लेखित निर्देशिका नै अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका हो । जसले

क) प्राकृतिक र गैह्र प्राकृतिक विपद बाट पीडित वा प्रभावितलाई विपदकोप्रभाव र क्षतिका आधारमा आर्थिक सहयोगको प्रत्याभूति गर्छ ।

ख) विपद् द्धारा हुनसक्ने जनधनको क्षति र साधनस्रोत र संरचनामा पर्न सक्ने प्रतिकुल प्रभावको विश्लेषणका आधारमा तत्काल प्रतिकार्य र पुर्नलाभ गर्न सहयोग गर्नेछ ।

ग) विपन्न, गरिवर्गका महिला एवं वालबालिका आर्थिक र सामाजिक रुपमा पिछडिएका सवै जातजातीका विपन्न बर्गहरु, ज्येष्ठ नागरिक, दलित,आदिवासी, जनजाति अपाङ्गता भएका १६ वर्ष मुनी आमाबुवा गुमाई टुहुरा भएका बालबालीका र परिवारवाट वहिष्करणमा परेका पति वा पत्नी गुमाएका ( नेपाल सरकार वाट कुनै पनि सुविधा वृति नपाएका) ब्यक्तिहरुलाइ स्वास्थ्यसेवा र तत्काल आकस्मिक उपचार तथा राहत र उपचार सेवा वाट आर्थिक अवस्थाका कारण सेवा वाट बंचितलाइ सेवा उपलब्ध गराउन यो निर्देशिकाले जोड दिन्छ ।

## परिच्छेद ३

**३.१ राहतको न्युनतम मापदण्ड सम्वन्धी ब्यवस्था** : विपद ब्यवस्थापन ऐन २०७४ को दफा ३९ को उपदफा १, २ र ३ मा उल्लेखित विषय अनरुप हुनेछ ।

क) विपद जोखिम न्युनीकरण र विपद ब्यवस्थापन ऐन २०७४ दफा १७ को उपदफा २ अनरुप विपद प्रभावित क्षेत्रमा उद्धार तथा राहतको ब्यवस्थापन गरिनेछ ।

ख) नवदुर्गा गाउँपालिकामा विपन्न, गरिव, असाहय, प्राकृतिक र गैह्रपाकृतिक विपद बाट प्रभावित ब्यक्ति तथा समुहलाइ तल उल्लेखित मापदण्ड अनरुप विपद् ब्यवस्थापन कोष, अपागं भइ अशक्त भएका, विपन्न असहाय कोष को बजेट शिर्षक बाट आर्थिक सहयोग वितरण गरिनेछ ।

१. आगलागी, पहिरो,खहरे खोला,भुकम्पको विपद वाट कसैको घरको क्षति ग्रस्त हुनगएमा निजलाइ विपद ब्यवस्थापनकोषको बजेट शीर्षकबाट राहत तथा आर्थिक सहायत स्वरुप तल उल्लेखित क्षेत्रको आधारमा सहयोग गरिनेछ ।

क) आगलागी, पहिरो, खहरे खोला,भुकम्पको विपद वाट कसैको घरको ५०,००० सम्मको आशिकक्षति हुनगएमा ३५०० सम्म राहतस्वरुप आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

ख) आगलागी, पहिरो, खहरे खोला,भुकम्पको विपद वाट कसैको घरको १,००,००० सम्मको क्षति हुनगएमा ५,००० सम्म राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

ग) आगलागी, पहिरो, खहरे खोला,भुकम्पको विपद वाट कसैको घरको २,००,००० सम्मको क्षतिहुन गएमा ८,५०० सम्म राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

घ) आगलागी, पहिरो, खहरे खोला,भुकम्पको विपद वाट कसैको घरको २,००,००० भन्दा माथिको क्षतिहुन गएमा १०,००० सम्म राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराइने छ ।

तर,

घर आगलागि भएको, घर भत्केको वा जोखिममा परेको अन्य कानुनी कुराहरु छुट्याउनु पर्ने भएमा प्रहरी मुचुल्कालाइ आधारमानि रकम भुक्तानी दिइनेछ ।

२) आर्थिक अवस्था कमजोरीका कारण स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग माग गर्ने व्यक्तिलाइ निम्न मापदण्डका आधारमा आर्थिक सहयोग उपलब्ध गराइने छ ।

क) पोलियो, किडनी, मुटु, आखा, फोक्सो,पेट, कान,नाक,हात खुटट्,टाउको लगायत शरीरका विभिन्न अगंको जिल्ला स्तरमा उपचारार्थ सहयोगका लागि निजको विरामीको प्रकृति हेरी  ५००० देखि १०००० सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

ख) २ को क मा उल्लेखित रोगको उपचारार्थ सहयोगका लागि अञ्चलसम्मको सेवा प्राप्त गर्नुपर्ने अवस्था देखिएकोमा  ५००० देखि  १५००० सम्म आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

ग) २ को क मा उल्लेखित रोगको विशेषज्ञसेवाका लागि नेपालकोसघीय राजधानी काठमाण्डौ र नेपाल बाहिर छिमेकी राष्ट भारतमा जानुपर्ने अवस्था आएको देखिएमा विरामीको प्रकृति र आर्थिक अवस्था हेरी  विरामीको उपचारार्थका लागि ५,००० देखि  २५,००० सम्म आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

घ) नवदुर्गा गा.पा स्थित ग्रामिण स्तरमा कार्य गर्ने कृषकहरुको कामको सिल सिलामा भीर,खोला,रख बाट लडी शरीरको अंग भग भएमा निजको उपचारार्थ दफा २ को क, ख, ग, को आधारमा अवस्था हेरी आर्थिक सहयोग गरिनेछ ।

ङ) स्वास्थ्य उपचारका लागि दिइने आर्थिक सहायताका लागि वडाको सिफारिसका आधारमा गाउँपालिका जनस्वास्थ्य शाखाबाट सिफारिस भइ आएबमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

च)नवदुर्गा गा.पा स्थित ग्रामिण स्तरमा कार्य गर्ने कृषकहरुको कामको सिल सिलामा भीर,खोला,रख बाट लडी निजको मृत्यु हुन गएमा निजको आर्थिक स्थिति कमजोर रहेको र पोष्टमार्टमको लागि जिल्ला लैजानुपर्ने अवस्था भएमा गाडी भाडा बाफत निजको निवेदनको आधारमा नेपाल धार्मिक सामाजिक तथा सास्कृति परम्परा अनुसार मृत्युपश्चात गरिने संस्कार र काज क्रिया खर्चकालागि ५००० देखि १०,००० सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

छ) आमा बुवा विहीन अनाथ अपागं,टुहुरा,असहाय, एकल महिला र व्यक्तिलाइ साधारण शिक्षा प्राप्तीमा आर्थिक कारणले बाधा उतपन्न भइ शिक्षा आर्जन गर्न बाट बचित हुनु पर्ने अवस्था देखिन

आएमा निजलाई शिक्षा  आर्जनका लागि निरन्तरता दिन शैक्षिक तह अनरुप  आधारभुत तह,प्लस टु र उच्च तह  अध्ययन गर्ने ब्यक्तिलाइ ३००० देखि ५००० सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

ज) यस गाउँपालिका  वडा स्थित विद्यालयको प्रमाणित प्रतिलिपि र वडाको सिफारिस अनुसार गरिव, विपन्न, दलित बर्गको इमान्दार, जेहन्दार मिहिनेती विद्यार्थीलाइ अध्यापन गरिरहेको विद्यालयमा आर्थिक अवस्था कमजोरका कारण अध्ययन कार्यमा समस्या देखिन आएको भन्ने बुझिन गएमा निज वा निजको घरपरिवारले दिएको निवेदन अनुसार निजको अध्ययन अध्यापनकार्यमा निरन्तरता र सहजताका लागि शैक्षिक तह अनरुप  आधारभुत तह,प्लस टु सम्म ५०००  र उच्च तह  अध्ययन गर्ने ब्यक्तिलाइ ८,०००  आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

झ) एकल महिला, अपागं, असाहाय,जेष्ठ नागरिकले आर्थिक सहायताका लागि निवेदन दिएमा वडाको सिफारिसमा निजको प्रकृति र शारीरिक अशक्तता, आर्थिक अवस्था, निजको निवेदन र  यर्थात अवस्थालाइ मध्यनजर गरि १,५०० देखि ५००० सम्म आर्थिक सहायता गर्न सकिनेछ ।

ञ) उपचारका लागि सहयोग  रकम भुक्तानी दिदा जनस्वास्थ्य फाटले छानविन गरे पश्चात रोगको प्रकृति अनुसार छानविन का आधारमा निजको सिफारिस  बमोजिम  समितिको निर्णय अनुसार रकम भुक्तानी दिइनेछ ।

ट) टुहुरा अनाथ बालबालिका लाई संघिय सरकारको सामाजिक सुरक्षा भत्ता वितरण संगै मासिक रु. १००० का दरले बार्षिक रु. १२००० र बहिष्करणमा परेका, छोरा छोरीवाट यातना भोगी अन्यत्र आश्रय लिई बसेका पति वा पत्नी गुमाएका वा विवाह नै नगरि बसेका बेसाहारा व्यक्तिहरुलाई जीवनयापन गर्न मासिक रु. १००० का दरले वृति उपलब्ध गराइनेछ ।

तर यस्तो वृत्ति सुविधा नेपाल सरकारको कुनै पनि सुविधा (सामाजिक सुरक्षा,परिवारिक निवृत्तिभरण वा यस्तै प्रकृतिका अन्य सुविधा ) प्राप्त व्यक्तिहरुलाई उपलब्ध गराइने छैन,यस्तो भत्ता बृत्ति सुबिधा पाउन अनुसुचि ३ घ बमोजिमको कागजात सहित वडा कार्यालयमा आवेदन दिनु पर्नेछ ।

**छानविन समिति**

नवदुर्गा गाउँपालिकाको अध्यक्ष  .    अध्यक्ष
नवदुर्गा गाउँपालिकाको उपाध्यक्ष .   सदस्य
प्रमख प्रशासकीय अधिकृत           .सदस्य
सामाजिक सुरक्षा शाखा प्रमुख        सदस्य

परिच्छेद ४

## विविध

### ४.१ निवेदन दर्ता

कुनै पनि व्यक्तिले राहत तथा आर्थिक सहयाताका लागि  निवेदन दिए पश्चात गाउपालिका अध्यक्षको तोक लागी दर्ता शाखामा दर्ता भएका निवेदन उपर  निवेदकको वास्तविकता र यर्थातताको जानकारी लिए पश्चात राहत तथा आर्थिक सहयोग गा.पा बाट उपलब्ध गराइनेछ । निज अुपस्थित भएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा निवेदन माथि आवश्यक कारबाही अगाडी बढाउनु पर्नेछ ।

४.२ आर्थिक सहयोगको लागि निवेदन माथि तोक आदेशको  स्वीकृति लिनु पर्ने र दर्ता गर्नु पर्ने ।यस नवदुर्गा गा.पा का गरिव, विपन्न दलित,जेष्ठ नागरिक, अनाथ, टुहुरा बालबालिका, अपाग, अशक्त, असहाय एकल महिलाले आर्थिक सहयोगका लागि  १ बर्षमा १ पटक भन्दा बढी समय निवेदन दिएमा निवेदन दर्ता गर्नु पूर्व गाउँपालिका अध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

४.२.१ यस निर्देशिका वमोजिमको वृत्ति सुविधा आर्थिक साहायता राहात तथा सहयोग प्राप्त गर्न सुविधा एकिन गर्ने तथा निर्धारण गर्ने जिम्मेवारी बुदा नं. ३.१ को ट बमोजिम गठित छानविन समितिको हुनेछ । र यसरी छानविन भइ परिचय पत्र उपलब्ध गराउन उपयुक्त ठहराएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरि परिचय पत्र सम्बन्धित लाभग्राहीलाई ३ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

४.२.२. गाउँपालिकामा विनियोजित तथा संचित दैवि प्रकोप उद्धार तथा राहात कोष एवम आर्थिक साहायतामा विनियोजित रकम मध्ये जनसंख्या भौगोलिक क्षेत्र र मानविय सुचकाङ्कका आधारमा गाउँकार्यपालिकाको निर्णय वमोजिम खर्च गर्ने अधिकार वडा कार्यालयलाई नै उपलब्ध गराइनेछ र सो भुक्तानका लागि आवश्यक पर्ने कागजात सम्वन्धीत वडाले नै व्यवस्थीत गर्नु पर्ने छ ।

४.२.३ यस निर्देशिका वमोजिमको वृत्ति सुविधा लिन तपशिलको कागजात सहित वडा कार्यालयको सिफारिस साथ वडामा आवेदन दिनु पर्नेछ,यस्तो आवेदन प्राप्त भएको मितिले ७ दिन भित्र वडा कार्यालयले संकलित आवेदन सहित बुदा नं. ३.१ को ञ बमोजिम गठित समिति समक्ष पेश गरि

परिचय पत्र समितिले उपलब्ध गराउनेछ र परिचय पत्रको नमुना नेपाल सरकार सामाजिक सुरक्षा संचालन कार्यबिधि २०७२ बमोजिम हुनेछ ।

टुहुरा तथा बेसहारा परिचय पत्र पाउन आवस्यक पर्ने कागजातहरु ।

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२) टुहुराको हकमा जन्म जन्म दर्ताको प्रमाण पत्र,आमा बुवाको मृत्यु दर्ताको प्रमाण पत्र
३) बेसहाराको हकमा पती वा पत्नीको मृत्यु दर्ताको प्रमाण पत्र
४) स्थानिय वडामा बसोवास गर्ने ५ जनाको सर्जिमिन मुचुल्का

**४.३ बचाउ र कार्यान्वयन**

(क) यो निर्देशिका लागु हुन भन्दा पहिले भए गरिएका काम कार्वाहीहरु यसै नियमावली वमोजिम गरिएको मानिनेछ ।

(ख) यस निर्देशिकामा नपरेका कुराहरू अध्यक्षको निर्णयानुसार हुनेछ ।

(ग) यस निर्देशिकाको कार्यान्वयन गर्न गराउनु सम्बन्धित सबै अधिकारीहरुको दायित्व हुने छ ।

**४.४ व्याख्या गर्ने अधिकार**

यस निर्देशिकाको ब्याख्या गर्ने अन्तिम अधिकार नवदुर्गा गाउँकार्यपालिकालाई हुनेछ ।

**४.५ संसोधन**

यस निर्देशिकाको आवश्यकतानुसार संशोधन गर्ने अधिकार गाउकार्यपालिकालाई हुनेछ ।

**अनुसूची ३ (क)**
**गाउँपालिका.स्तरीय प्रकोप द्रुत सर्वेक्षण प्रतिवेदन फारम**
**(सौजन्यः नेपाल रेडक्रस सोसाइटी)**
**फारम नं. १ (० देखि २४ घण्टा)**

गा.वि.स/न.पा                                प्रकोप परेको मिति :

| वडा नं. | प्रकोपको प्रकार | जनसंख्या | | | प्रभावित परिवार | | | विस्थापित परिवार | | क्षति भएका घरधुरी | | आवश्यकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | हराएको | घाइते | घरधुरी | पुरुष | महिला | घरधुरी | जनसंख्या | पूर्ण | आंशिक | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

(क) प्रभावित क्षेत्रमा आधारभूत संरचना तथा सेवाको अबस्था :

| क.सं. | क्षतिको विवरण | संख्या | क्षति | | अनुमानित क्षति ( मूल्यमा) | सूचना संकलनको लागि अपनाएको प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | | | |
| १ | विद्यालय भवन | | | | | | |
| २ | पुल तथा सडक | | | | | | |
| ३ | हेल्थपोष्ट/स्वास्थ्य चौकी | | | | | | |
| ४ | सामुदायिक स्रोत केन्द्र (गा.बि.स, सुरक्षित बासस्थान) | | | | | | |
| ५ | अन्न वाली ( विघा/रोपनी) | | | | | | |
| ६ | खेतीयोग्य जमीन (विघा/रोपनी) | | | | | | |
| ७ | घरपालुवा पशु | | | | | | |
| ८ | साना पसल | | | | | | |
| ९ | माछा पोखरी | | | | | | |
| १० | सञ्चार | | | | | | |
| ११ | विद्युत | | | | | | |
| १२ | अन्य | | | | | | |

ख) स्थानीयस्तरमा उद्धार तथा राहत कार्यमा संलग्न निकाय तथा संस्थाहरु :

| क..सं. | कामको विवरण | निकाय/संस्थाको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

नामःनामः

पदःपदः

कार्यालयको छापःकार्यालयको छापः

# अनुसूची ३(ख)
# प्रकोप द्रुत सर्वेक्षण फारम

जिल्ला :　　　　　　　　　　　　　प्रतिवेदन मिति :

१. प्रभावित क्षेत्रको विवरण :

| क.सं | गा.बि.स./न.पा.को नाम र वडा नं | प्रकोपको प्रकार | प्रकोप परेको मिति | जनसङ्ख्या | | | प्रभावित परिवार | | | विस्थापित परिवार | | क्षति भएका घरधुरी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृत्यू | हराएको | घाइते | घरधुरी | पुरुष | महिला | घरधुरी | जनसंख्या | पूर्ण | आंशिक | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

२. समुदाय तथा व्यक्तिगत सम्पत्तिको अनुमानित क्षतिको विवरण :

| क.सं. | क्षतिको विवरण | संख्या | क्षति | | अनुमानित क्षति (मूल्यमा) | सूचना संकलनको लागि अपनाएको प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक | | | |
| १ | विद्यालय भवन | | | | | | |
| २ | पुल तथा सडक | | | | | | |
| ३ | हेल्थपोष्ट/स्वास्थ्य चौकी | | | | | | |
| ४ | सामुदायिक स्रोत केन्द्र (गा.बि.स, सुरक्षित बासस्थान) | | | | | | |
| ५ | अन्न वाली (विघा/रोपनी) | | | | | | |
| ६ | खेतीयोग्य जमीन (विघा/रोपनी) | | | | | | |
| ७ | घरपालुवा पशु | | | | | | |
| ८ | साना पसल | | | | | | |
| ९ | माछा पोखरी | | | | | | |
| १० | सञ्चार | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | विद्युत | | | | | | |
| १२ | अन्य | | | | | | |

३. बिभिन्न निकाय/संस्थाहरुबाट भएका उद्धार तथा राहत कार्य र आगामी दिनको आवश्यकता :

| क्र.सं. | सहयोग गरिएको राहातको प्रकार | जम्मा अनुमानित आवश्यकता (क) | | नेरेसोबाट मात्र सहयोग पुर्‍याएको परिवार (ख) | | अन्य संस्थाबाट भएको सहयोग (ग) | | थप आवश्यकता (घ)=क-(ख+ग) | | सम्भावित सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार | परिमाण | परिवार | परिमाण | परिवार | परिमाण | परिवार | परिमाण | | |
| १ | सुख्खा तयारी खाना | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २ | नियमित खाना | | | | | | | | | | |
| | चामल | | | | | | | | | | |
| | दाल | | | | | | | | | | |
| | तेल | | | | | | | | | | |
| | नून | | | | | | | | | | |
| ३ | गैरखाद्य सामग्री | | | | | | | | | | |
| | ने.रे.सो. राहतको सेट | | | | | | | | | | |
| | थप त्रिपाल | | | | | | | | | | |
| ४ | पानी शुद्धिकरण औषधी | | | | | | | | | | |
| ५ | प्राथमिक उपचार | | | | | | | | | | |
| | प्राथमिक उपचारक | | | | | | | | | | |
| | प्राथमिक उपचार बाकस | | | | | | | | | | |
| अन्य सेवा कार्यहरु | | | | सेवा गरिएको वर्तमान अवस्था र थप आवश्यकता | | | | | | | |
| ६ | सुरक्षित स्थानमा सार्ने तथा ओसार्ने कार्य | | | | | | | | | | |
| ७ | शिविर व्यवस्थापन | | | | | | | | | | |
| ८ | सरसफाइ | | | | | | | | | | |

| | | | |
|---|---|---|---|
| | सम्बन्धी जनचेतना अभिबृद्धि | | |
| ९ | घुम्ती स्वाथ्य शिविर | | |
| १० | एम्बुलेन्स सेवा | | |
| ११ | ट्रेसिङ्ग सेवा | | |
| १२ | अन्य विशेष आवश्यकताका प्रकार | | |

४. जिल्ला तथासमुदायस्तरमा रहेका सहयोगी निकायहरू(ती निकायहरूको कार्यक्षेत्र र गर्न सक्ने कार्यको विवरण)

| क्र.सं. | सहयोगका कार्यहरु | सहयोगी निकायको नाम र योजना | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | पूर्ण रुपमा क्षति भएका घरका लागि सहयोग | | | | | | |
| २ | आंशिक रूपमा क्षति भएका घरका लागि सहयोग | | | | | | |
| ३ | विद्यालय भवन | | | | | | |
| ४ | पुल तथा सडक | | | | | | |
| ५ | हेल्थपोष्ट/स्वास्थ्य चौकी | | | | | | |
| ६ | सामुदायिक स्रोत केन्द्र (गा.बि.स., सुरक्षित बासस्थान) | | | | | | |
| ७ | अन्न वाली | | | | | | |
| ८ | घरपालुवा पशु | | | | | | |
| ९ | पशु | | | | | | |
| १० | साना पसल | | | | | | |
| ११ | माछा पोखरी | | | | | | |
| १२ | अन्य | | | | | | |

५. विपद् परेको क्षेत्रमा देखिएका सम्भावित स्वास्थ्यजन्य खतराहरु
:

| क्रसं | रोग | गा.बि.स. | समुदाय/स्थान वा वडा | प्रभावित अनुमानित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | झाडा पखाला | | | | |
| २ | हैजा | | | | |
| ३ | मलेरिया (औलो) | | | | |
| ४ | रुघाखोकी, ज्वरो | | | | |
| ५ | इन्सेफलाइटिस | | | | |
| ६ | छालाका रोगहरु | | | | |
| ७ | सर्पको टोकाई | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | आँखा पाक्ने रोग | | | | |
| ९ | अन्य | | | | |

६. पहुँच (प्रभावितहरुसम्म राहत लिएर कसरी पुग्न सकिन्छ, देखिएको शुरक्षाको अवस्था, राहत ब्यवस्थापनमा जनमानसको प्रतिकृया)

७. आइपरेका समस्या/वाधाहरु

८. सारांश :

टोली नेता : श्री हस्ताक्षर
टोली सदस्य : श्री हस्ताक्षर

# अनुसूची ३(ग)
## विस्तृत सर्वेक्षण(घरधुरी सर्वेक्षण) फाराम

जिल्ला : वडा/न.पा. वार्ड नं. टोलः

१) प्रकोपको प्रकारः २) प्रकोप परेको मितिः ३) समयः
४) घरमूलीको नामः पेशाः
५) उमेर समूह अनुसारको परिवार सङ्ख्याः

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ बर्ष सम्म | | | |
| ६ -१५ बर्ष | | | |
| १६ -५९ बर्ष | | | |
| ६० बर्षभन्दा माथि | | | |
| कुल जम्मा | | | |

६) सङकटासन्न व्यक्ति :

क)शारीरिक असक्षमः ....जना ख) एकल महिला .... जनाग) गर्भवतीः ... जना घ) सुत्केरीः ... जना
७) क्षतिको विवरण :

क. मानवीय क्षतिः
मृत्यु : हराएको : घाइते :

ख. घरः
पूर्ण क्षति : आंशिक क्षति :
९) जीविकोपार्जनको क्षेत्रहरुमा प्रभावः

क. कृषि
- अन्न के.जी. /(क्यून्टल)...............................................................
- जग्गा जमीनः रोपनी/विघाः.............................................
  ख. पशुधन (वटा) ............................................
ग) ब्यापार ब्यवसाय (नगदमा) .........................................
घ) अन्यः .......................

१०. यस अघि कुनै निकायबाट सहयोग प्राप्त भएको भए:
क)
ख)
ग)
११. आवश्यकता पहिचान :

क) नियमित खाना (ख) लत्ताकपडा (ग) त्रिपाल

घ) भाँडाकुँडा (ङ) पिउने पानी (च) मनोसामाजिक परामर्श

छ) चर्पी (ज) सरसफाइ (झ) स्वास्थ्य

ञ) शिक्षामा सहयोग (ट) अन्य

**१२) तत्कालको लागि अस्थायी आवास र पुर्नलाभ (Recovery)कार्यक्रम सञ्चालनको लागि सिफारिस :**

| **अस्थायी आवास र प्रत्युपलब्धि (Recovery)** | |
|---|---|
| क) जीविकोपार्जन | |
| ख) घर निर्माण तथा मर्मत | |
| ग) बिउ विजन तथा कृषि औजार | |

**तयार गर्नेको हस्ताक्षरः** **प्रमाणितगर्नेको हस्ताक्षर :**

नामः
पद :
कार्यालयको छापः

नाम :
पद :
कार्यालयको छापः